# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### 'NRB Fintech Innovation Showcase Event 2026' सम्पन्न




प्रविधिमा आधारित वित्तीय सेवाको प्रवर्द्धन र फिन्टेकमा आधारित उदीयमान नवप्रवर्तनलाई प्रदर्शन गर्ने उद्देश्यका साथ 'NRB Fintech Innovation Showcase Event 2026' आज काठमाडौंमा सम्पन्न भएको छ । नेपाल राष्ट्र बैंक, भुक्तानी प्रणाली विभागले उक्त कार्यक्रम आयोजना गरेको हो ।

बालुवाटारस्थित बैंक परिसरमा आयोजित कार्यक्रममा गभर्नर प्रा.डा. विश्वनाथ पौडेलले 'NRB Fintech Innovation Showcase Event 2026' को उद्घाटन गर्नुभयो । उद्घाटन सत्रलाई सम्बोधन गर्दै गभर्नर पौडेलले प्रविधिमा आधारित वित्तीय सेवाको प्रवर्द्धनलाई राष्ट्र बैंकले उच्च प्राथमिकतामा राख्दै आएको बताउनुभयो । नवप्रवर्तनमा आधारित नियामकीय र सुपरिवेक्षकीय प्रणालीको विकासका लागि राष्ट्र बैंक प्रयासरत रहेको जानकारी समेत उहाँले दिनुभयो ।

फिन्टेकको विस्तारसँगै यसबाट सिर्जित चुनौतीको व्यवस्थापनमा राष्ट्र बैंकको दोहोरो जिम्मेवारी रहेको धारणा गभर्नर पौडेलले राख्नुभयो । उहाँले भन्नुभयो, “एकातर्फ वित्तीय स्थायित्व, सुरक्षित भुक्तानी तथा ग्राहक संरक्षण सुनिश्चित गर्नुपर्नेछ भने अर्कोतर्फ वित्तीय प्रविधि र नवप्रवर्तनको विकाससँगै जोडिएका नयाँ जोखिम तथा चुनौतीको व्यवस्थापन पनि गर्नुपर्नेछ ।” फिन्टेक नवप्रवर्तनको प्रवर्द्धन र विकासका निम्ति नेपाल सरकार, नियामक निकाय, बैंक तथा वित्तीय संस्था, प्रविधि कम्पनी र वित्तीय क्षेत्रमा क्रियाशील संस्थाहरूबीच समन्वय र सहकार्य हुनुपर्ने आवश्यकतामा उहाँले जोड दिनुभयो ।







सो अवसरमा डेपुटी गभर्नर किरण पण्डितले फिन्टेकको प्रवर्द्धनका लागि राष्ट्र बैंकबाट भएका नीतिगत र संरचनागत प्रयासबारे चर्चा गर्नुभयो । भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक निश्चल अधिकारीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै डिजिटल प्रविधिमा आधारित वित्तीय सेवाका सन्दर्भमा राष्ट्र बैंकले अवलम्बन गरेका व्यवस्थाबारे जानकारी दिनुभयो ।

कार्यक्रमको उद्घाटन सत्रमा डेपुटी गभर्नर दीर्घबहादुर रावल, राष्ट्र बैंकका उच्च अधिकारी, बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत, सरकारी निकाय, भुक्तानी प्रणाली सञ्चालक, फिन्टेक कम्पनीलगायत सरोकारवाला संस्थाका प्रतिनिधिको सहभागिता थियो ।

'NRB Fintech Innovation Showcase Event 2026' अन्तर्गत वित्तीय संस्था र फिन्टेक कम्पनीका २७ वटा स्टलहरू प्रदर्शनीमा राखिएको थियो । डिजिटल बैंकिङ, डिजिटल भुक्तानी, डिजिटल कर्जा प्रवाह, साइबर सुरक्षा प्रणाली, क्लाउड कम्प्युटिङ, वित्तीय ठगी र जोखिम व्यवस्थापन, प्रविधिमा आधारित नियमन (रेग्टेक) सेवामा ती संस्था/कम्पनीबाट भएका नवप्रवर्तनलाई उक्त प्रदर्शनीमा समेटिएको थियो । राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था, फिन्टेक कम्पनी लगायतका संस्थाका एक हजारभन्दा बढीले उक्त प्रदर्शनीको अवलोकन गरेका थिए ।

उक्त कार्यक्रमकै सिलसिलामा 'Digital Lending and Credit for Underserved' विषयक प्यानल छलफलसमेत सञ्चालन गरिएको थियो । फिन्टेक अलायन्स नेपालका तर्फबाट मनोज घिमिरेले उक्त छलफलको सहजीकरण गर्नुभयो भने भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक निश्चल अधिकारी, ग्लोबल आईएमई बैंकका नायब प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेल र अलायन्सका अध्यक्ष अमित अग्रवाल प्यानलिस्टको भूमिकामा सहभागी हुनुभएको थियो ।

नेपाल राष्ट्र बैंकले हालै जारी गरेको 'Fintech Strategy for Digital Financial Services (2026/27-2030/31) अन्तर्गत फिन्टेक इकोसिस्टमका नवप्रवर्तक र अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्ने उद्देश्य राखिएको छ । सोही रणनीतिअन्तर्गत नै बैंकले Digital Finance Innovation Hub (DiFi-Hub) र Regulatory Sandbox लाई प्रभावकारी बनाउन 'NRB Fintech Nexus' संयन्त्रसमेत तयार गरेको छ । यसैअन्तर्गत आजको 'Fintech Innovation Showcase' आयोजना गरिएको हो भने भविष्यमा Fintech Workshop, Hackathons र Innovation Challenges जस्ता कार्यक्रम सञ्चालन गर्ने बैंकको योजना छ ।